# विश्वेश्वर प्रसाद कोइरालाको 'शत्रु' कथामा प्रयुक्त मनोविश्लेषण

**सहप्रा.डा. कुश्मिला भट्टराई**
*नेपाली शिक्षा केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर*

***सार संक्षेप***

*प्रस्तुत लेख नेपाली साहित्यका प्रथम आधुनिक नेपाली मनोवैज्ञानिक कथाकार विश्वेश्वर प्रसाद कोइरालाको 'शत्रु' कथामा प्रयुक्त मनोविश्लेषणको अध्ययन गर्ने मुख्य उद्देश्यमा केन्द्रित छ। यसका साथै गौण रूपमा कथाकार विश्वेश्वर प्रसाद काइरालाको परिचय र प्रवृत्ति, 'शत्रु' कथाको सन्दर्भ, कथानक, पात्र चरित्र, परिवेश, भाषाशैली आदिको विश्लेषण गर्नु रहेको छ। अनुसन्धानको गुणात्मक ढाँचा अन्तर्गत पुस्तकालयीय अध्ययनबाट यो अध्ययन पुरा गरिएको छ। प्रस्तुत कथामा मनोविश्लेषणको सशक्त उपस्थिति पाइन्छ। हरेक मानिसमा शङ्काजन्य भाव सुषुप्त अवस्थामा रहन्छ। यसले मौका पाउनासाथ शङ्का उपशङ्काको रूप धारण गर्न पुग्छ। शङ्काले लङ्का जलाउँछ भने झैँ अजात शत्रु ठान्ने व्यक्ति सबैलाई शत्रु ठान्न पुग्छ भन्ने जस्ता निष्कर्षजनित सारवस्तु यसमा प्रस्तुत भएको छ। शत्रुविनाको मान्छे हुँदैन, शत्रु ज्ञातभन्दा बढी अज्ञात छन् भन्ने निष्कर्ष यसमा प्रस्तुत गरिएको छ। यसर्थ शत्रु कथा आधुनिक नेपाली कथा साहित्यको एक सशक्त मनोवैज्ञानिक कथाका रूपमा स्थापित भएको निष्कर्षमा पुगिएको छ।*

***विशिष्ट पद पदावली:*** *मनोविश्लेषण, मनोगत्, अन्तश्चेतनामूलक, भावभूमि, गतिशील स्वभाव, आन्तरिक परिवेश।*

## उद्देश्य

'शत्रु' कथा र यसका कथाकार विश्वेश्वर प्रसाद कोइरालालाई मनोवैज्ञानिक कसीमा मूल्याङ्कन गर्ने मुख्य उद्देश्यमा यो लेख केन्द्रित छ। साथै यसमा 'शत्रु' कथाको कथानक, पात्र/चरित्र, परिवेश, भाषाशैली आदिलाई मनोवैज्ञानिक कथा मान्यताका आधारमा विश्लेषण गर्ने उद्देश्य समेत रहेको छ। अन्तश्चेतनामूक वा फायडेली यौन मनोविज्ञान र प्राकृतवादी यथार्थ वादमा आधारित भएर कथाको विश्लेषण गर्ने उद्देश्य यसमा राखिएको छ।

## विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित छ। यसमा प्रथम मनोवैज्ञानिक नेपाली कथाकार विश्वेश्वर प्रसाद कोइराला र उनको मनोवैज्ञानिक मान्यतामा आधारित रहेर लेखिएको शत्रु कथालाई अनुसन्धान क्षेत्र बनाइएको छ। यो छनोट मनोवैज्ञानिक मान्यतामा आधारित सोद्देश्यपरक किसिमको रहेको छ। यसमा मनोवैज्ञानिक कथा सिद्धान्तका आधारमा उक्त कथालाई हेरिएकाले यो पुस्तकालयीय अध्ययनमा आधारित छ। यसमा कथावस्तु, पात्र प्रयोग, केन्द्रीय कथ्य, शीर्षक आदिसँग सम्बन्धित सामग्रीहरु सङ्कलन गरी तिनको व्याख्या विश्लेषणबाट निष्कर्षमा पुगिएको छ।

## कथाकार परिचय र प्रवृत्ति

विश्वेश्वर प्रसाद कोइराला (वि.सं १९७१-२०३९) नेपाली साहित्य र राजनीति दुबै क्षेत्रका सशक्त व्यक्तित्व हुन्। साहित्यमा अराजकतावादी र राजनीतिमा समाजवादी हुनु उनको वैयक्तिक पहिचान

हो ।उनले बी.ए.,बी.एल.सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए । उनले खास गरी कथा, उपन्यास र आत्मकथाहरु प्रकाशित गराएका छन् । वि.सं. १९९२ सालको 'शारदा' पत्रिकामा प्रकाशित 'चन्द्रवदन' कथा नै उनको नेपाली भाषामा प्रकाशित पहिलो कथा हो भने यसलाई नै नेपाली साहित्यको पहिलो मनोवैज्ञानिक कथा मानिन्छ ।तर लेखन र प्रकाशनका दृष्टिले उनको हिन्दीमा लेखिएको सबैभन्दा पहिलो कथा" वहाँ"(१९८७) हो(ढकाल:२०६०,पृ,३) । उनका 'दोषी चस्मा' (२००६) र 'स्वेतभैरवी' (२०३९)' कथा सङ्ग्रहहरु प्रकाशित भएका छन् । त्यस्तै उनले 'तीन घुम्ती', 'नरेन्द्र दाइ', 'सुम्निमा', 'मोदीआइन', 'हिटलर र यहुदी','बाबु, आमा र छोरा'जस्ता उपन्यासहरु रचना गरेका छन् । उनी साहित्यिक पत्रकार सङ्घबाट अभिनन्दित पनि भएका थिए ।

कोइराला नेपाली साहित्यका प्रथम आधुनिक मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । उनका कथामा खास गरी मानवीय अन्तर्मन (अचेतन मन) का कुण्ठित भावको प्रस्तुति पाइन्छ । उनी कथामा घटनाको वर्णनलाई भन्दा पात्रको चरित्र चित्रणमा जोड दिन्छन् । रतिराग, यौन र यौनजनित कथाले जेलिएको गाँठोलाई मनोविश्लेषणात्मक तरिकाले विश्लेषण गर्नमा उनका कथा केन्द्रित देखिन्छन् । उनी जीवनका अति साधारण कुरा र समाजले वेवास्ता गरेका साधारण घटनालाई टपक्क टिपेर प्रस्तुत गर्न सिपालु छन्। उनले पश्चिमी साहित्यमा प्रचलित मनोविश्लेषणवादी शिल्पशैलीलाई नेपाली साहित्यमा भित्र्याएका हुन् । उनी मनोवैज्ञानिक धाराभित्र खास गरी यौन मनोविश्लेषणमा जोड दिन्छन् । यौन मनोवैज्ञानिक कथामा पनि सामान्य यौन मनोवैज्ञानिक कथा र असामान्य यौन मनोवैज्ञानिक प्रकृतिका कथाहरु रहेका छन् । जसमध्ये शत्रु, होड र दोषी चस्मा कथालाई असामान्य यौन मनोवैज्ञानिक कथा मानिन्छ । यौन मनोवैज्ञानिक कथामा सामाजिक संवेगको अध्ययन अपरिहार्य हुन्छ,जसलाई कोइरालाले भरपुर उपयोग गरेको पाइन्छ । पात्रका मनमा रहेका यौनकुण्ठा, हीनता भाव, काम वासना, शङ्कालुपन आदिका माध्यमले उत्पन्न मानसिक द्वन्द्वको सफल रूपमा चित्रण गर्नु उनको मुख्य साहित्यिक प्राप्ति रहेको छ । पात्रहरुका मानसिक संवेगहरुको गहिरो अध्ययन गर्नु उनको महत्त्वपूर्ण कथागत प्रवृत्ति हो । त्यस्तै भाषिक दृष्टिले सामान्य बोलचालमा प्रचलित शब्दहरुको प्रयोग गरी सरल र सटीक रूपमा अभिव्यक्ति दिनु उनको भाषाशैलीगत वैशिष्ट्य रहेको छ । उनका अन्य प्रवृत्तिहरुमा क्षीण कथानक, पात्र परिवेश आदिको प्रयोग, सरल र प्रचलित विम्व प्रतीकहरुको प्रयोग, नारी अस्तित्वको भाव, चरित्रलाई प्रधानता दिनु, जीवनका विसङ्गतिको चित्रण गर्नु, पात्रको मनोवृत्तिलाई सामाजिक, सांस्कृतिक र मानवीय अभिवृत्तिसँग सहसम्बन्ध गराउनु आदि रहेका छन् ।

## कथा सन्दर्भ

'शत्रु' कथा वि.सं १९९५ सालमा कथाकुसुम' नामक कथा सङ्ग्रहमा सर्व प्रथम प्रकाशित भएको थियो । यो कथा हाल उनको 'दोषी चस्मा'(२००६) कथा सङ्ग्रहमा सङ्गृहीत छ । कुनै पनि व्यक्तिले भद्र, शालीन, असल, निष्पक्ष, नि:स्वार्थी भएर काम गरे पनि र सबैको भलो नै चिताए पनि उसका अज्ञात शत्रु जन्मिन्छन् भन्ने सन्दर्भमा यो कथा संरचित छ । अतः प्रस्तुत कथामा कृष्ण रायको चरित्रको विश्लेषण गर्दै संसारमा कोही पनि शत्रु विहीन रहन सक्दैन भन्ने रहस्यको उद्घाटन गरिएको छ ।

## कथाको मनोवैज्ञानिक पक्ष

प्रस्तुत 'शत्रु' कथामा मनोवैज्ञानिक कथामा पाइने क्षीण कथानकको प्रयोग भएको छ । कृष्ण राय अति भद्र र असल थिए, निष्पक्षतापूर्वक झगडाको न्याय निसाफ गर्थे भन्दै पात्र/चरित्रको स्वभाव वर्णनबाट

कथा सुरु भएको छ। त्यसपछि बेलुका सुत्ने बेलामा एक्कासि उनीमाथि अचानक लट्ठी प्रहार हुनु, प्रहार कर्ताको पहिचान हुन नसक्नु, घोरिनु, काम बिगार्दा गाली खाएको नोकर, साहुलाई ठग्न खोज्दा उनीबाट लज्जित बन्न पुगेको बलभद्र, नोकरी खोज्दै आएको युवक, झगडामा उनले मध्यस्त गराएका व्यक्तिहरु, गोविन्द पण्डित र गोरे जमदारको झगडा, आफ्नो पक्षमा निर्णय नपाएको मास्टर, रेलको डब्बामा भएको झगडा, हाटमा उनको धक्काबाट लडेको मानिस, आफूले निकालेका नोकरहरु, इखालु दाजुभाइ, आफ्नै धर्मपुत्रमाथि समेत शङ्का गर्न पुग्नु मनोविश्लेषणको चरम प्रयोगका उदाहरण हुन्। समग्रमा कृष्ण रायका मनमा उत्पन्न भावावेगलाई नै यस कथाको कथानकले समेटेको देखिन्छ। यसरी रेग्मी (२०४०) का अनुसार मनोवैज्ञानिक कथामा वर्तमान क्षणका संवेदना र अनुभूतिहरुको चित्रण गरिन्छ (पृ.५७८) भन्ने दृष्टिकोण यस कथामा कृष्ण रायका उल्लेखित व्यवहारमा झल्कन्छ।

मनोवैज्ञानिक सिद्धान्त अनुसार व्यक्तिको अचेतनले इच्छालाई वास्तविक वस्तु वा व्यक्तिबाट हटाएर अन्यसँग सम्बन्धित गराउँदा अन्योल बढ्छ (भण्डारी, २०५६ : ९८)। यस मान्यताको प्रयोग यस कथामा भएको छ। यो कथा पात्रको मनोविश्लेषणमा आधारित चरित्र प्रधान बनेको छ। यस कथामा कृष्ण राय एक्लो पात्रका रूपमा उपस्थित भएको छ। उसको मनमा खेलेका कुरा र अनिर्णय र अन्योलमा कथा समाप्त हुन पुगेको छ। प्रमुख पात्र कृष्ण राय सुरुमा आफूलाई अजात शत्रु सम्झन्छ। धन, यश र सम्मान सबै कुराले सम्पन्न एक व्यक्तिपात्रको भूमिका उसले ग्रहण गरेको छ। ४५ वर्षको सबैसँग मिल्ने खालको ऊ गाउँलेहरुको दुःखमा सहयोग गर्ने झगडा परेमा मध्यस्थता गराउने र सबैलाई मान्य हुने फैसला गर्न सक्ने विवेकी व्यक्ति हो। पहिले सबैलाई मित्र ठान्ने राय आफूमाथि लट्ठी प्रहारपछि सबैलाई शत्रु देख्न पुगेकाले उसले गतिशील स्वभाव ग्रहण गरेको छ। यो मनोवैज्ञानिक मान्यतासँग मिल्ने विशेषता हो। ऊ मिलुन्जेल कसैमाथि शङ्का नगर्ने तर सानो घटना हुनासाथ सबैलाई शङ्का गर्ने सङ्कालु प्रवृत्तिको छ। यस्तो प्रवृत्ति मनोवैज्ञानिक कथामा पाइन्छ।

मनोवैज्ञानिक कथा आन्तरिक परिवेशको चित्रणमा केन्द्रित रहन्छन् (भट्टराई, २०६९ : पृ.४८)। शत्रुकथामा वाह्य परिवेशको भन्दा आन्तरिक वा मनोवैज्ञानिक परिवेशको चित्रणमा जोड दिइको हुँदा यस मान्यताको उपयोग भएको छ। कृष्ण रायका मनमा उत्पन्न उतार चढाबलाई नै यस कथामा प्रस्तुत गरिएको छ। बेलुका सुत्ने बेलामा उनीमाथि लट्ठी प्रहार भएपछि भोलिपल्ट पुलिसलाई घटनाको रिपोट लेखाउँदासम्मको समयलाई मात्र यस कथाले समेटेको देखिन्छ। कथामा सम्पन्न र सबैले मान्ने खालका व्यक्तिबाट झैझगडा मिलाउने र न्याय निसाफ छिन्ने प्रचलनको उल्लेख भएको र उनका अगाडि सामान्य मान्छेहरु नत मस्तक भएको देखाइएकाले यस कथामा ग्रामीण सामाजिक परिवेशको उपयोग भएको देखिन्छ। यसमा आन्तरिक परिवेश नै सशक्त बनेको छ।

'शत्रु' कथाको शीर्षक कथाको विषय वस्तुमा आधारित छ। यो तत्सम स्रोतबाट आएको नाम शब्द हो। यसको शाब्दिक अर्थ कसैको अहित गर्ने व्यक्ति, वैरी, दुस्मन वा आफ्नो विचारको विपरीत गर्ने व्यक्ति भन्ने हुन्छ। कथामा आफ्नो कुनै शत्रु नै जन्मेको छैन भन्ने सम्झने कृष्ण राय आफूमाथि लाठी प्रहारपछि आफ्नो सम्पर्कका सबैलाई एक एक गरी शत्रु ठान्न पुगेको छ। कथामा अजात शत्रु कोही पनि छैन, हामीले न्याय निसाफ छिन्दा, सम्झउँदा, सहयोग गर्दा, उपदेश दिदाँ पनि जीवनमा नजानिँदो तरिकाले शत्रुता बढाइ रहेका हुन्छौ भन्ने भाव व्यक्त भएको छ। कृष्ण रायले शङ्का गर्दा शत्रु बन्नाका कारणहरुको पनि उल्लेख भएको पाइन्छ। यसरी कथाको शीर्षक यसको विषय वस्तु र मूलभावसँग सोझो अर्थमा नै मेल खाने किसिमको छ। मनोद्वन्द्व मच्चाउने कारक नै शत्रुताको सम्बन्ध भएकाले यसको शीर्षकीकरण मनोविज्ञानसँग निकट छ।

मान्छे कोही पनि शत्रु विहीन हुँदैन । रहँदा बस्दा कोही न कोहीसित शत्रुता बनि रहेको हुन्छ । मान्छेले आफूलाई दुर्गुण रहित र अकलुषित ठान्दै उपदेश दिँदै अनि न्याय निसाफ छिन्दै हिँड्नु पनि शत्रुताको कारण बन्न पुग्छ । मन पर्दा सबै मित्र र सानो घटना हुँदा सबैलाई शत्रु देख्नु हुँदैन आदि कुराहरु मूलभावका रूपमा व्यक्त भएका छन् । यसका साथै कथाको अन्त्यमा व्यक्त भएका शत्रुताको व्यापक सम्बन्ध हुँदो रहेछ, दुनियाँमा कोही पनि मित्र हुँदैनन्, सबै शत्रु र वैरी नै हुन्छन्, सङ्गत गरेपछि शत्रुता साध्ने कुनै न कुनै निहु दिइ रहेका हुन्छौं, निर्दोष कुरामा पनि विषालु साँपजस्तै वैरी बनाउने साधन लुकि रहेको हुन्छ भन्ने जस्ता भनाइहरु आफैं मूलभावका रूपमा रहेका पाइन्छन् । यी भाव पक्षसँग सम्बन्धित कुराहरुको धरातलीय आधार पनि मनोविश्लेषण रहेकाले यस कथामा मनोवैज्ञानिक भावभूमि आधारित देखिन्छ ।

मनोवैज्ञानिक कथाहरु छोटो आयाममा रचना गरिन्छन् (भट्टराई, २०६९ : पृ.४८) । 'शत्रु' कथा जम्मा १० अनुच्छेदको लघु आयाममा संरचित छ । यो मनोवैज्ञानिक कथाको विशेषतासँग मेल खान्छ । यस कथामा सरल र बोधगम्य भाषाको प्रयोग गरिएको छ । कथा वर्णनात्मक शैलीमा अभिव्यक्त भएको छ । उक्त क्रममा शत्रुताका भावहरु व्यक्त हुँदा संस्मरणात्मक शैलीको पनि उपयोग भएको छ । यो कथा तृतीय पुरुष कथन पद्धति वा बाह्य दृष्टिविन्दुमा रचना भएको छ ।

## निष्कर्ष

प्रस्तुत कथा मनोवैज्ञानिक सिद्धान्तमा आधारित छ । यसको कथानक मानसिक उतार चढावमा केन्द्रित छ । यो कथा मुख्य गरी कथाको मुख्य पात्र कृष्ण रायका मनमा उत्पन्न उतार चढावको विश्लेषणमा केन्द्रित छ । कृष्ण रायमाथि लट्ठी प्रहारपछिको मनोलोकको वर्णनमा केन्द्रित रहेकाले आन्तरिक परिवेशमा यो कथा अडिएको छ । यसले ग्रामीण नेपाली सामाजिक परिवेशलाई चित्रण गरेको छ । यसमा छोटो घटना क्रम र थोरै पात्रको प्रयोग भएको छ । यसको शीर्षक भाव वाचक नाम शब्दका रूपमा रहेको हुँदा मनोविश्लेषणका लागि यो उपयुक्त बनेको छ । शत्रु विहीन मान्छे कोही हुँदैन,जीवन भोगाइका क्रममा सबै खालका परिस्थितिको सामना हरेकले गर्नु पर्छ । फलस्वरूप शत्रु मित्र जन्मिन्छन् भन्ने निष्कर्ष यसवाट प्राप्त भएको छ । तर दुनियाँमा मित्रभन्दा शत्रुको मात्रा धेरै हुन्छ भन्ने निष्कर्ष नै यसको मुख्य प्राप्ति हो । यसमा अन्तश्चेतनामूलक यथार्थ वाद र प्राकृत वादमाथि आधारित यथार्थको चित्रण गरिएको छ । यसर्थ प्रस्तुत कथामा विश्वेश्वर प्रसाद कोइरालाले फ्रायड मनोविश्लेषणको सशक्त प्रयोग गरेको देखिन्छ ।

## सन्दर्भ सूची


कोइराला, विश्वेश्वर प्रसाद (२०५३), **दोषी चस्मा**, काठमाडौं : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वर प्रसाद (२०५५), **आत्म वृत्तान्त**, ललित पुर : जगदम्बा प्रकाशन ।

ढकाल,भूपति" कमल"(२०६०), **विश्वेश्वर प्रसाद कोइरालाका कथा र उपन्यासको विश्लेषण,** काठमाडौं : विद्या पुस्तक सदन ।

भट्टराई, कुश्मिला (२०६९), **पोषण पाण्डेका कथाहरूको मनोवैज्ञानिक अध्ययन,** अप्रकाशित विद्या वारिधि शोध प्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, कृष्ण (२०५६), **फ्रायड मनोविश्लेषण**, ललित पुर : साझा प्रकाशन ।

रेग्मी, मुरारी प्रसाद (२०४०), **मनोविश्लेषणात्मक समालोचना (उपन्यास खण्ड)**, काठमाडौं : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन,** काठमाडौं : साझा प्रकाशन ।

शर्मा(पराजुली) हरि प्रसाद (२०५०) **विश्वेश्वर प्रसादका कथा**, काठमाडौं :साझा प्रकाशन ।